## कार्यपालिका बैठक नं. ७ आ.व.२०८२- ०८३ (२०८२/१०/१५)

आज मिति २०८२/१०/१५ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | शर्मिला अधिकारी | |
| १६ | प्रशा. सहायक | अपेक्षा भैरव | |
| १७ | का. सहयोगी | विमला ढकाल | |

**कार्यपालिका वैठक नं. ७ आ.व.२०८२- ०८३ (२०८२/१०/१५) का प्रस्तावहरु**

१. समिक्षा सम्बन्धमा।

२. दोस्रो त्रैमासिक समिक्षा कार्यक्रम सम्बन्धमा।

३. बालमैत्री शासन कार्यक्रम फोकल पर्सन सम्बन्धमा।

४. घर कायम प्रमाणपत्र सम्बन्धमा।

५. अध्ययन विदा सम्बन्धमा।

६. विपद व्यवस्थापन सम्बन्धमा।

७. भुक्तानी सम्बन्धमा।

८. राहत व्यवस्थापन सम्बन्धमा।

९. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।

१०. उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्बन्धमा।

११. आँबुखैरेनी अस्पतालमा जनशक्ति व्यवस्थापन सम्बन्धमा।

१२. विविध सम्बन्धमा।

Scanned with CamScanner

## कार्यपालिका वैठक नं. ७ आ.व.२०८२- ०८३ (२०८२/१०/१५) निर्णयहरु

**१. समीक्षा सम्बन्धमा।**

क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो।

ख) यस आँबुखैरेनी गाउँपालिका अन्तर्गत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुबाट पेश हुन आएको पुस महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको पुस महिनाको आम्दानी र खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो।

**२. दोस्रो त्रैमासिक समिक्षा कार्यक्रम सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, गाउँपालिका अर्न्तगतका वडा कार्यालयहरु, शाखाहरु, आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुबाट आर्थिक वर्ष २०८२/०८३ को दोस्रो त्रैमासिक अवधिमा (२०८२ कात्तिक महिनादेखि पुस महिना सम्म) भए गरेका काम कारवाही तथा सेवा प्रवाह सम्बन्धमा दोस्रो त्रैमासिक समिक्षा यहि मिति २०८२ माघ २६ गते गाउँसभाहलमा सञ्चालन गर्ने निर्णय गरियो।

**३. बालमैत्री शासन कार्यक्रम फोकल पर्सन सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालन गरिने बालमैत्री स्थानीय शासन कार्यक्रमको फोकल पर्सनको जिम्मेवारी पालिकामा कार्यरत शिक्षा अधिकृत तथा प्रशासन शाखा प्रमुख निर्मला कुँवरलाई दिने निर्णय गरीयो।

**४. घर कायम प्रमाणपत्र सम्बन्धमा।**

साविक गाउँ विकास समिति हुँदाका वखत नक्शापास प्रक्रियामा गई त्यस समयमा राजश्व तिरेर निर्माण सम्पन्न भई सिफारिस प्रदान गरीएका घरहरुको हकमा हाल प्रमाणपत्र जारी गर्दा पुनः राजश्व नलिने निर्णय गरीयो।

**५. अध्ययन विदा सम्बन्धमा।**

आँबुखैरेनी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा ईन्जिनियरिङ सेवा सिभिल समुह सब-ईन्जिनियरीङ पाँचौ तहमा कार्यरत श्री सञ्चार फुयलले मिति २०८२/१०/०१ देखि २०८४/०३/३० सम्म अध्ययन विदा उपलब्ध गराईदिन भनि पेश भएको निवेदन उपर छलफल गरी स्थानीय सेवा गठन तथा सञ्चालन नियमावलीको नियम १११ (४) मा भएको व्यवस्था बमोजिम मिति २०८२/१०/०१ देखि २०८४/०३/३० सम्म तलब भत्ता भुक्तानी नहुने गरी स्थानीय सेवा गठन तथा सञ्चालन नियमावलीको नियम १११ को (८)) र अध्ययन विदा स्थानीय सेवा गठन तथा सञ्चालन नियमावलीको नियम १२० को (ज) बमोजिम स्वीकृत गर्ने निर्णय गरीयो।

**६. विपद व्यवस्थापन सम्बन्धमा।**

**क) उद्धारकार्य व्यवस्थापन सम्बन्धमा।**

गत वर्ष मिति २०८१/०३/२८ गते अन्दाजी ३:३० बजेको समयमा मुग्लीन नारायणघाट सडक खण्ड अन्तर्गत चितवन जिल्ला भरतपुर म.न.पा.२९ सिमलतालमा काठमाण्डौ देखि गौरतर्फ जाँदै गरेको (बा.प्र.०३-००१ ख र ४९५ नं. को गणपती डिलक्स बस)२ थान बस पहिरो सँगै बाढीले बगाई त्रिशुली नदीमा खसी बेपत्ता भएकोमा मिति २०८२/०९/२७ गतेका दिन १ थान वस यस आँबुखैरेनी गाउँपालिका वडा नं.५ दोन्द्राङवेशी स्थित त्रिसुली नदी किनारमा भेटिएकोमा उक्त बस निकाल्नका लागि सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेना लगायतका उद्धार टोली खटिएको हुँदा उक्त कार्यलाई सहजीकरण गर्नको लागि गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी गर्ने गरी उद्धार कार्यमा खटिने टोलिलाई खाजा, खानाको व्यवस्था गर्ने निर्णय गरीयो।

Scanned with CamScanner

**ख) नमुना खत्री टोल तमु समाज भवन जोखिम व्यवस्थापन सम्बन्धमा ।**
आँबुखैरेनी गाउँपालिका वडा नं. ३ स्थित नमुना खत्री टोल तमु समाज भवनको जोखिम व्यवस्थापनको लागि गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी हुनेगरी जम्मा रु.७३,०००/-(अक्षररुपी त्रिहत्तर हजार रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरीयो ।

**ग) अँधेरी खोला फलामे फुटपाथ निर्माण सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका वडा नं. २ स्थित सिद्धिगणेश टोल अर्न्तगत रहेको गाउँपालिकाद्धारा सोमबार सञ्चालन गरीने हाटबजार क्षेत्रमा पृथ्वी राजमार्गमै पर्ने भएको र उक्त क्षेत्रमा मानिसहरु आवतजावत गर्दा दुर्घटनाको जोखिम हुने भएकोले आवतजावत सहज तथा दुर्घटना न्यूनीकरणका लागि गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन कोषबाट भुक्तानी हुनेगरी अँधेरी खोला फलामे फुटपाथ निर्माण गर्नको लागि जम्मा रु.९५,८६७/- ( अक्षररुपी पन्चानब्बे हजार आठ सय सतसठ्ठी रुपैंया मात्र ।) निर्णय गरीयो ।

**घ) भँगेरी खानेपानी व्यवस्थापन सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका वडा नं. १ स्थित भँगेरी गाउँमा रहेको खानेपानी मुलमा अविरल वर्षाको कारण खानेपानी मुल पुरीएको, ट्याङ्कीमा क्षति भएकोले खानेपानी व्यवस्थापनमा समस्या भएको कारण उक्त ट्याङ्की मर्मत तथा खानेपानी व्यवस्थापनको लागि बजेट व्यवस्थापन गरीदिन भनि पालिकास्तरीय विपद व्यवस्थापन समितिको सिफारिस सहित पेश भएको निवेदन उपर छलफल गरी भँगेरी खानेपानी योजनाको लागि गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन कोषबाट खर्च हुनेगरी जम्मा रु.१,००,०००/-(अक्षररुपी एक लाख रुपैंया मात्र ।) विनियोजन गर्ने र उक्त विनियोजित रकमबाट अमानत विधीबाट काम गर्ने गरी दिप बहादुर गुरुङलाई कार्यादेश दिने निर्णय गरीयो ।

**ङ) देउरालीटार स्कुल कुलो मर्मत सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका वडा नं. १ स्थित देउरालीटार स्कुल कुलो अविरल वर्षाको कारण गएको पहिरो आई क्षतिग्रस्त भएको हुँदा सिँचाईमा समस्या भएकोले मर्मतका लागि बजेट व्यवस्थापन गरिदिन भनि विपद व्यवस्थापन समितिद्धारा सिफारिस सहित पेश भएको निवेदन उपर छलफल गरी देउरालीटार स्कुल कुलो मर्मतका समितिलाई गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन कोषबाट खर्च हुनेगरी जम्मा रु.८०,०००/-(अक्षररुपी असी हजार रुपैंया मात्र ।) विनियोजन गर्ने र उक्त विनियोजित रकमबाट अमानत विधीबाट काम गर्ने गरी समितिका अध्यक्ष उपेन्द्र चापागाईलाई कार्यादेश दिने निर्णय गरीयो ।

**७. भुक्तानी सम्बन्धमा ।**
**क) अतिथी सत्कार खर्च भुक्तानी सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका तनहुँका कार्यालय प्रयोजनार्थ योजनाहरु सम्बन्धमा छलफल तथा अर्न्तक्रिया, अनुगमन, जस्ता कार्यहरुको लागि विभिन्न मितिमा कार्यालयमा आउनुभएका संघ, प्रदेश मन्त्रालयका माननीय मन्त्री तथा कर्मचारीहरु तथा जिल्ला प्रशासन कार्यालय तनहुँ र चितवनका प्रमुख जिल्ला अधिकारीहरुसँग सवारी दुर्घटना, उद्धार तथा सुरक्षा सम्बन्धमा छलफल कार्यक्रम साथै अन्य विभिन्न कार्यालयहरु तथा अन्य विभिन्न निकायहरुबाट अनुगमन तथा योजना कार्यान्वयन सम्बन्धी छलफल अनुगमनमा आउनुभएका अतिथीहरुलाई खाना, खाजा उपलब्ध गराएबापत श्रावण महिनादेखि हालसम्म गरी जम्मा रु.२,९२,८००/-(अक्षररुपी दुई लाख बयानब्बे हजार आठ सय रुपैंया मात्र ।) भुक्तानीको लागि मनु मर्स्याङ्दी सेकुवा एण्ड सुकुटी रेष्टुरेन्ट बाट पेश भएको निवेदन उपर छलफल गरी गाउँपालिकार्यपालिकाको स्वीकृत अतिथी सत्कार खर्च (चियापान लगायत विविध) तथा कार्यक्रम खर्च विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो ।

**ख) पत्रपत्रिका, सूचना तथा सञ्चार खर्च, विविध खर्च भुक्तानी सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका तनहुँको कार्यालय प्रयोजनको लागि विभिन्न सूचनाहरु प्रकाशन, शुभकामना तथा सन्देशमुलक सूचना प्रकाशन गरेबापत साथै गाउँपालिका तनहुँको आर्थिक वर्ष ०८२/८३ को तपशिलका सञ्चार माध्यमहरुबाट भुक्तानीको लागि पेश भएको निवेदनहरु उपर छलफल गरी गाउँकार्यपालिकाको स्वीकृत पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकबाट तपशिल बमोजिम भुक्तानी दिने निर्णय गरीयो ।
**तपशिल :**

Scanned with CamScanner

| क्र.सं. | सँस्थाको नाम | जम्मा रकम | कैफियत |
|---|---|---|---|
| १. | कम्युन आर्टस पब्लिसिटी | ३७,२९०/- | कार्यालयको गुरुङ, मगर लिपीमा नाम लेखन |
| २. | तनुहँ उद्घोष दैनिक | १,५६,०८३/- | विभिन्न मितिको सूचना/विज्ञापन प्रकाशन |
| ३. | समावेशी नेटवर्क प्रा.लि. | २०,०००/- | सूचनामुलक विज्ञापन प्रकाशन |

**ग) इन्धन खर्च भुक्तानी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका कार्यालयमा रहेको गाउँपालिका भित्रको फोहोर संकलन, आँबुखैरेनी अस्पताल प्रयोजनार्थ एम्बुलेन्स सञ्चालन तथा कार्यालयको कामकाजको लागि विभिन्न मितिमा जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न स्थानहरुमा जाने प्रयोजनको लागि प्रयोग गरेबापत पालिकाको सवारी साधनमा प्रयोग गरेका इन्धन उपलब्ध गराए बापतको पुस महिनामा जम्मा खर्च रकम रु.- २,०६,०९१ /- (अक्षररुपी दुई लाख छ हजार एकानब्बे रुपैया मात्र ।) भुक्तानीको लागि पेश भएको निवेदन उपर छलफल गरि गाउँकार्यपालिकाको स्वीकृत इन्धन खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**८. राहत व्यवस्थापन सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिका वडा नं. ६ का वडा सदस्य युवराज गुरुङको शारिरीक अस्वस्थताको कारण असामयीक निधन भएको हुँदा निजको घरको आर्थिक अवस्था कमजोर भएको कारण निजको हकदार एकमात्र श्रीमतीलाई १,००,०००/-(अक्षररुपी एक लाख रुपैंया मात्र ।) राहत उपलब्ध गराउने निर्णय गरीयो ।

**ख) उपचार खर्च तथा राहत सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत रहेको ऐनापहरा पर्यटकीय स्थलको सुरक्षा तथा संरक्षण कार्यको लागी चौकिदार पदमा दैनिक ज्यालादारी पदमा कार्यरत सुर्य बहादुर वि.क विरामी भई उपचार गर्नुपरेको र निजको घरको आर्थिक अवस्था कमजोर भएको कारण उपचार खर्च व्यवस्थापन गर्न समस्या भएको हुँदा उपचार खर्च उपलब्ध गराईदिन भनि पेश भएको निवेदन उपर छलफल गरी गाउँकार्यपालिकाको स्वीकृत नागरीक उपचार तथा व्यवसायी सुरक्षा कोषबाट भुक्तानी हुनेगरी जम्मा रु.१५,०००/- (अक्षररुपी पन्ध्र हजार रुपैंया मात्र ।) उपचार खर्च उपलब्ध गराउने निर्णय गरीयो ।

**९. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिकामा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अर्न्तगत तपशिल बमोजिमका योजनाहरु सञ्चालन गर्ने निर्णय गरीयो ।

**तपशिल :**

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | बरादी डिही देखि गिराउनचौर माथि कोटसम्म नाला सरसफाई योजना | ३,७०,००० |

ख) अघिल्लो कार्यपालिकाको निर्णयबमोजिम राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अर्न्तगत भाँगे आधारभुत स्वास्थ्य चौकी वाल कम्पाउण्ड योजनाको लागि जम्मा रु.३,००,०००/- विनियोजन गरीएकोमा उक्त योजनालाई तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरीयो ।

तपशिल :

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | भाँगे आधारभुत स्वास्थ्य चौकी व्यवस्थापन योजना | १,५०,००० |

**१०. उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नीति तथा कार्यक्रम बमोजिम उत्पादनमा आधारित दुधमा अनुदान कार्यक्रम अनुसार दुधमा प्रतिलिटर रु.४ का दरले उपलब्ध गराउँदै आइरहेकोमा कृषकहरुको माग बमोजिम उक्त अनुदान रकम बृद्धि गरी यस आर्थिक वर्ष देखि लागु हुनेगरी दुधमा प्रतिलिटर रु.६ का दरले अनुदान उपलब्ध गराउने निर्णय गरीयो ।

Scanned with CamScanner

## ११. आँबुखैरेनी अस्पतालमा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

**क)** यस आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा कार्यरत MDGP (नवौ तह) चिकित्सक डा.धन बहादुर क्षेत्रीको निजको व्यक्तिगत कारण राजिनामा दिई जानुभएकोले उक्त रिक्त रहेको साथै अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि थप जनशक्ति उपलब्ध गराईदिन भनि अस्पताल व्यवस्थापन समितिबाट निर्णय भई पेश भएकोमा अस्पतालद्धारा उपलब्ध गराईने सेवाहरु सहज रुपमा उपलब्ध गराउनको लागि नियमानुसार तपशिल बमोजिमको जनशक्ति सेवा करारमा पदपूर्ति गरी कार्यसम्पादन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

तपशिल :

| क्र.सं | पद | तह | सँख्या |
|---|---|---|---|
| १. | MDGP | नवौ तह | १ जना |
| २. | स्टाफ नर्स | पाँचौ तह | २ जना |
| ३. | नर्सिङ | पाँचौ तह | १ जना (ओ.टि.तालिम प्राप्त) |
| ४. | रेडियोग्राफर | पाँचौ तह | १ जना |
| ५. | सह लेखापाल | पाँचौ तह | १ जना |
| ६. | उद्यम विकास सहजकर्ता | चौथो तह | २ जना |

**ख)** आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा कार्यरत MDGP (नवौ तह) चिकित्सक डा.धन बहादुर क्षेत्रीको निजको व्यक्तिगत कारण राजिनामा दिई जानुभएकोले उक्त पदमा चिकित्सक रिक्त रहँदा राउन्ड लगायत मुख्य विशेषज्ञ सेवा प्रवाह प्रभावित हुने भएकोले अस्पतालको नियमित सेवालाई निरन्तरता दिन बिरामीको चाप र अस्पतालको सेवालाई मध्यनजर गर्दै तपशिल बमोजिमको कार्यसम्पादनमा आधारित सेवा सुविधा प्रदान गर्ने गरी १ जना विशेषज्ञ उपलब्ध गराउन भनि अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम प्राप्त निवेदन उपर छलफल गरी उक्त निर्णय बमोजिम अर्को व्यवस्था नभईन्जेल सम्मको तपशिल बमोजिमको सेवा सुविधा उपलब्ध गराउने गरी १ जना विशेषज्ञ उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | कार्यसम्पादनमा आधारित प्रोत्साहन | कार्यविवरण र सम्बन्धित कार्यको दरको अनुसार |
|---|---|---|
| | विवरण | दर |
| 1 | USG | 25% |
| 2 | OPD | 10 रुपैंया |
| 3 | ECG | 20% |
| 4 | DRESSING | 20% |
| 5 | OPD PROCEDURE | 25% |
| 6 | MAJOR SURGICAL PROCEDURE | 30% |
| 7 | MINOR/INTERMEDIATE SURGICAL PROCEDURE | 20% |
| 8 | EMERGENCY SURGICAL SERVICE | 40% |
| 9 | ECHO | 30% |
| 10 | DIALYSIS/PER CYCLE | 7% |
| 11 | NIGHT ONCALL | 50% |
| 12 | बिदाको दिनमा काम गरेबापत | 100% ( ९ औ तहको १ दिन बराबरको रकम ) |

**ग)** आँबुखैरेनी गाउँपालिकाद्धारा सञ्चालित आँबुखैरेनी अस्पतालमा विशिष्टीकृत शल्यक्रिया सञ्चालन भैरहेको र अस्पतालमा कार्यरत एनेस्थेसिया एसिष्टेण्ट वाट असम्भव भएका र विशिष्टीकृत कन्सलटेण्ट एनेस्थेसियोलोजिष्ट आवश्यक हुने हुँदा उक्त जनशक्ति अन्यत्र संस्था/व्यक्तिहरुबाट लिने निर्णय गरीयो र सो सेवा उपलब्ध गराए बापत निजलाई प्रति दिन रु.७०००/- का दरले उपलब्ध गराउने निर्णय गरीयो ।

Scanned with CamScanner

## १२. विविध सम्बन्धमा ।

### क) अन्य संँस्था सहायता सम्बन्धमा ।

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत आँबुखैरेनी वाङमय परिषदले साहित्य, संस्कृति, कला, गीत, संगीत तथा अन्य सृजनात्मक क्षेत्रमा प्रोत्साहन, उत्थान, कला साहित्यको माध्यमबाट सामाजिक जागरणका कार्यक्रमहरु गर्दै आईरहेकोमा सोहि विषयसँग सम्बन्धित गण्डकी प्रादेशिक ललितकला प्रदर्शनी-२०८२ (७ दिन) कार्यक्रममा सहभागी हुन जाने प्रयोजनार्थ बजेट माग सहितको निवेदन उपर छलफल गरी गाउँकार्यपालिकाको स्वीकृत अन्य संँस्था सहायता खर्च शिर्षकबाट भुक्तानी हुनेगरी जम्मा रु.५०,०००/-(अक्षररुपी पचास हजार रुपैंया मात्र ।) उपलब्ध गराउने निर्णय गरीयो ।

Scanned with CamScanner